# लेवी

## सन्देश :



"उचित सङ्गति, र जब परमेश्वरसँगको सङ्गतिको पुर्नस्थापनाको आवश्यकता पर्छ, परमेश्वरको करारअनुसारका मानिसहरूले उहाँको पवित्रताको प्रतिबिम्ब गर्नुपर्छ र परमेश्वरले उनीहरूको लागि उहाँसँग सङ्गति कायम राख्न वा पुर्नस्थापना गर्नको लागि अपनाउनु भएका सिमित तरिकाहरूको पहिचान गर्नुपर्छ ।"

## शीर्षक :

अंग्रेजी शीर्षक "Leviticus" को अर्थ "लेवीहरूसँग सम्बन्धित" रहेको छ र यो ल्याटिन भल्गेट (४ औं शताब्दी ई.सं.) बाट साभार गरिएको हो, जसले सेप्टूअजिन्ट शीर्षक (ग्रीकमा उल्था गरिएको पुरानो नियम [LXX]) "Levitical book" (लेवीको पुस्तक) लाई अपनाएको छ । शीर्षक "लेवी" (लेवीहरूसँग सम्बन्धित छ) जुन पुरा तरिकाले अनुचित चाहिँ छैन । यद्यपि लेवीहरू पुरा पुस्तक भरिमा केवल एकपटक मात्र उल्लेख गरिएका छन् (२५:३२-३४) । यसकारण सम्पूर्ण ह ारूनको पुजारीपन लेवी कुलबाट आएको र उनीहरूले गर्ने बलिदानको प्रणाली सामान्यतया लेवीहरूकै तरिका र स्वभावको रूपमा । देखिएको पाइन्छ । (जस्तै : हिब्रू ७:११)

यो हिब्रू शीर्षकको arqyw (wayyiqra) पहिलो शब्द हो । जसको अर्थ **"अनि उहाँ (परमेश्वर)ले बोलाउनुभयो"** भन्ने हुन्छ । यद्यपि यस शीर्षकले विशेष सामग्रीहरूको बारेमा केही बताउँदैन, यस कुराले यो धेरै हदसम्म परमेश्वरको निर्देशनको लेख हो भन्ने संकेत गर्दछ । वास्तवमा, लेवीको पुस्तकले बाइबलमा भएका अन्य पुस्तकहरूमा, भन्दा धेरै भन्दा धेरै परमेश्वरको वचनहरूलाई समावेश गरेको पाइन्छ ।

## लेखक :

उत्पत्तिमा हेर्नुहोस-लेखक । यसको अतिरिक्त, लेवीको लेखकको नाम नदिएको[९] भएता पनि याद गर्नुपर्ने कुरा चाहिँ, लेवीको संरचना र आन्तरिक विवरणहरूद्वारा यो पुष्टि हुन्छ की मोशाले सम्पूर्ण संरचना परमेश्वरको प्रकाशको आधारमा गरेका हुन् (लेवी १:१, २७:३४ र लगभग अन्य पचास स्थानहरूमा) । येशूले मोशाको लेखत्वलाई पुष्टि गरिदिनुभएको छ जब उहाँले मोशाले आज्ञा गरे बमोजिम (मत्ती ८:४; मर्कूस १:४४) कुष्टरोगको व्यवस्थाको विषयमा (लेवी १४:२-३) आज्ञा दिनुभयो । यसैले यस पुस्तकका साथै पेन्टाटूकका अन्य पुस्तकहरूलाई, यहुदी परम्पराले समान रूपमा मोशालाई नै श्रेय दिएको पाइन्छ । यही दृष्टिकोण परम्परागत रूपमा ख्रीष्टिय मण्डलीमा पनि रही आएको छ । तथापी विगत दुई शताब्दीको समयअवधिमा केही विद्वानहरूले

[९] चाखलाग्दो कुरा के छ भने दुबै पुरानो र नयाँ करारमा ऐतिहासिक सामग्रीहरू (अर्थात् उत्पत्तिदेखि नहेम्याह र सु-समाचारका पुस्तकहरू) ले लेखकको पहिचान गर्न सकेन । अगमवक्ताहरूको पुस्तकमा र पत्रहरूमा व्यक्तिको आधिकारिकता र लेखकको पहिचानको आवश्यकता पर्दछ ।

जसरी पेन्टाटूकका बाँकी पुस्तकहरूमा पत्ता लगाए त्यसरी नै लेवीको पुस्तकमा पनि केही अन्तरनिहित स्रोतहरू पत्ता लगाएको कुरा दाबी गरेका छन् । यस पुस्तकलाई कथाहरू र नीतिनियमहरूलाई टाल्ने कामको समावेश भएको पुस्तकको रूपमा हेरिएको पाइन्छ । यस दृष्टिकोणलाई कुनै पनि सुनिश्चित प्रमाणले समर्थन गरेको पाइँदैन । (तलको साहित्यिक संरचनालाई हेर्नुहोस्)

**प्राप्तकर्ता (पाउने व्यक्तिहरू) :**

लेवीको पुस्तक, पुरानो नियमको पुजारीगिरीको निम्ति सबैभन्दा पहिलो र मुख्य सु-व्यवस्थित सहयोगी पुस्तिकाको रूपमा देखिन्छ । पहिलो खण्डले (१-१६ अध्याय) वृहत रूपमा वलिदानको सिद्धान्तहरूमा, पाप मेटाउने प्रक्रियाको सम्बन्धमा र परमेश्वरसँग मानिसको सङ्गतिको पुर्नस्थापनाको विषयमा ध्यान दिएको पाइन्छ, त्यसरीनै १७-२७ अध्यायले आचारसंहिता, नैतिकता र पवित्रताको विषयमा कुरा गर्छ । प्रायजसो सामाग्रीहरू पुजारीपनको चरित्रतामा र चरित्र रहेको छ, त्यसकारण उपयुक्त पुजारीगिरीको निम्ति सामाग्रीहरूको साथै धेरै भन्दा धेरै विश्वव्यापी आराधनाका नियमहरू, आचारसंहिता र नैतिकताहरू परमेश्वरसँगको उचित सङ्गतिमा प्रभावकारी हुनको लागि सबै इस्राएलीहरूलाई पवित्रताको गुणहरू लागु हुनुपर्थ्यो । लेवीको पुस्तकले केवल लेवी पुजाहारीहरूको विशेष कार्यहरूमा मात्र होइन तर भेट हुने पालमा गरिने सम्पूर्ण आराधनाको सेवाकाईलाई सैद्धान्तिक रूपमा ध्यान पुर्याएको छ । पुजारीहरू जो हारूनका छोराहरू थिए, उनीहरूद्वारा नै यी सेवाका कामहरू संचालन हुन्थ्यो र बाँकी लेवी कुलका अरू धेरै मानिसले सहायता गर्दथे । प्रस्थानले भेटहुने पालको निर्माण गर्ने निर्देशनहरू दिएको थियो भने अब लेवीले त्यहाँ आराधना गर्ने नीतिनियमहरू साथै औपचारिक शुद्धता, नैतिक नियमहरू, पवित्र दिनहरू, शबाथको वर्ष र पुर्नस्थापनाको वर्षका कुराहरूलाई समावेश गरेको छ । निरन्तर रूपमा लेवीहरूको निम्ति सान्दर्भिक भएता पनि यस पुस्तकमा समावेश गरिएका सामाग्रीहरूले इस्राएल देशका प्रत्येक आराधना गर्ने सदस्यहरूको जिवनमा पनि विशेष महत्व राखेको छ । वास्तवमा लेवीको पुस्तकले जसरी पुजाहारीहरूमा चासो राखेको छ, त्यसरीनै साधारण मानिसहरू (पुजाहारीपन तालिम नपाएकाहरू)मा पनि केही मात्रामा चासो राखेको छ, किनभने त्यहाँ इस्राएलीहरूले आफ्नो भेटीहरू कसरी ल्याउने र कसरी उनीहरूले चाडपर्वहरू मनाउने भन्ने बारेमा उल्लेख गरिएको छ । राष्ट्रको प्रत्येक सदस्यको लागि आराधना चाहिँ सु-अवसर र जिम्मेवारी थियो । यदि यो सामाग्री लेवीहरूसँग संचय गरेर राखिएको थाहा भएको खण्डमा उनीहरूले यो सामाग्रीको विषयमा मानिसहरूलाई सिकाउने र नियमहरूको पालाना गरिने कुराको निश्चयता दिनुपर्दथ्यो ।

**ऐतिहासिक सन्दर्भ :**

यस पुस्तकमा लेखिएका घटनाहरू सिनै पर्वतको फेदमा भएका थिए । इस्राएलीहरू सिनै पर्वतमा पाल लगाएर बसेको वर्षमा, मोशालाई परमेश्वरले इस्राएलको आराधना, सञ्चालन र सैन्य बलहरूको व्यवस्थापनको निर्देशन गर्दै त्यही समयको अन्तरालमा लेवीको पुस्तकमा भएका नियमहरू साथै अरू धेरै भागहरू पनि दिइएको थियो । यो समयमा इस्राएलीहरू मिश्रबाट निस्केको करिब एक वर्ष भइसकेको थियो ।

यी निर्देशनहरू चाहिँ परमेश्वरसँगको करारमा रहेका मानिसहरूलाई दिइएको थियो । यसैले उनीहरूले कहिल्यै पनि कुनै व्यक्ति वा देशलाई करारमा नेतृत्व गर्न दिने योजना बनाएनन् (तल

दिइएको उद्देश्यमा हेर्नुहोस्) । लेवीको पुस्तकले मोशाको करारका केही आधिकारिक व्यवस्थाका भागहरूलाई समावेश गरेको छ, उक्त समयदेखि प्रतिज्ञाको भूमिमा नपुगुन्जेल इस्राएली मानिसहरूलाई प्रशासन गर्न विशेष रूपमा लागु गरिएको थियो (उदाहरण २३:४२-४३, २५:८-५५) । यदि उनीहरूले उहाँनै एकमात्र साँचो परमेश्वर हुनुहुन्छ भनी थाहा गरे र उहाँ बाहेक अरू कुनै देवताको आराधना गर्दैनन् भने परमेश्वरले प्रतिज्ञाको भूमि राष्ट्रिय घर स्वरूप साथै उनीहरूको भौतिक तथा आत्मिक आवश्यकताहरूको परिपूर्ति गरिदिनुहुने कुराको निश्चयतालाई मोशाको करारले समावेश गरेको छ ।

**लेखिएको मिति :**

उत्पत्तिमा हेर्नुहोस् ।

लेवीको पुस्तक सम्भवत : प्रस्थानको पुस्तक लेखिए लगतै लेखिएको थियो । सिनै पर्वतमा इस्राएलीहरूको अन्तिम दुई महिनाको अन्तरालमा मोशासँग परमेश्वरले भेट हुने पालमा बोल्नुभएका वचनहरू यसमा लेखिएको छ (१:१) । लेवीमा पाइने धर्मविधिको रूपमा गरिने बलिदान, इस्राएली इतिहासमा पछि मात्र विकसित भएको आधारमा आधुनिक आलोचकहरूले प्राय जसो लेवीलाई....५००-४५० ई.पू को मितिमा लेखिएको मान्ने गरेका छन् । यूगरिटमा पत्ता लगाए अनुसार यी बलिदानका विधिहरू ख्रीष्टभन्दा १५०० वर्ष अगाडी नै अस्तित्वमा रहेको पाइन्छ । यूगरिटमा पन्ध्रौँ शताब्दी ई.पू मा प्रयोग गरिएको शब्दावाली, लेवीको पुस्तकमा गरिएको शब्दसँग उल्लेखनिय रूपमा समानान्तर रहेको पाइन्छ । यूगरिटिक साहित्यमा होम बलि, पाप बलि तथा मेल बलि जस्ता कुराहरू पाइन्छन् । प्रारम्भिक मितिलाई लिएर यस्ता कुराहरूमा आधारित तर्कहरू अस्वीकृत हुनुपर्छ ।

**ईश्वरशास्त्रीय सन्दर्भ :**

लेवीले परमेश्वरको बारेमा भन्न खोजेको कुरालाई बुझ्न र मुल्यांकन गर्न, प्रस्थान र गन्तीसँग जोड्ने संयोजनलाई हेर्नुपर्दछ जुन साहित्यिक रूपमा सिनै पर्वतमा गरिएका मोशाको करारसँगको घनिष्टतामा सम्बन्धित छ । इस्राएलीहरूले भर्खरैमात्र परमेश्वरसँगको करारको रूपमा आफूलाई महान, पवित्र, सिद्ध र केवल उहाँमात्र परमेश्वर भनेर देखाउनुभएको कुरालाई स्वीकार गरेका थिए । (प्रस्थान १९-२४) ।

लेवीको पुस्तकले भेट हुने पाल जो उनीहरू बस्ने शिविरको माझमा स्थापना गरिएको देखाउँछ,...जसले परमेश्वर उहाँका मानिसहरूको माझमा उपस्थित हुनुहुन्छ भन्ने कुराको संकेत गर्दथ्यो......(लेवी २६:११) । लेवीको पुस्तकको शुरूवात भेट हुने पालमा परमेश्वर मोशासँग बोल्नुभए लगतै भएको पाइन्छ(लेवी १:१)[१०] । परमेश्वरले करारको प्रस्तावको रूपमा उहाँको मानिसहरूबाट विशेष आराधनाको माग गर्नुभयो । लेवीले ती शर्तहरूको व्यख्या गर्छ जुन कुराले मात्र आराधकको स्वीकृतिको परिणाम ल्याउँछ । लेवीको पुस्तक भरि नै धेरै भन्दा धेरै भागहरूमा

[१०] गन्ती १:१ तुलना गर्नुहोस् जहाँ परमप्रभुले मोशासँग “भेट हुने पाल”मा बोल्नुहुन्छ ।

सही प्रकारका धार्मीक विधि, आचरणको आधारभुत आवश्यकताहरूलाई लगातार जोड दिइएको पाइन्छ ।

लेवीको पुस्तकले परमेश्वरलाई पवित्रताको स्रोतको रूपमा प्रस्तुत गर्दछ (लेवी १०:३, १९:२) । परमेश्वरको पवित्रताले, उहाँले घोषणा गर्नुभएको जुनसुकै कुरा, अनैतिक वा पापपूर्ण साथै अन्याय र अशुद्ध कुराहरू प्रतिको घृणालाई समावेश गर्दछ (लेवी ११:४७, १८:२९-३०) । इस्राएलको पवित्रता उनीहरूको जीवनको हरेक पक्षमा व्यक्त भएको हुनुपर्थ्यो र केही हदसम्ममा सबैको जीवनमा निश्चित औपचारिक गुण पनि हुनुपर्दथ्यो । मानिस चाहिँ "पवित्रता" मा परमेश्वरको आराधना गर्नलाई हो । किनभने परमेश्वर पवित्र हुनुहुन्छ । लेवी ११:४४ ले भन्दछ, "म नै परमप्रभु तिमीहरूको परमेश्वर हुँ; यसैकारण तिमीहरूले आफैलाई पवित्र तुल्याओ, र तिमीहरू पवित्र होओ; किनकी म पवित्र छु ।" परमेश्वरको पवित्रता लेवीको पुस्तकमा दुई महत्वपूर्ण ऐतिहासिक कार्यहरूद्वारा देख्न सकिन्छ, पुजाहारीगिरीको अभिषेक तथा नादाब र अबिहुद्वारा उल्लंघन । "पवित्र" भन्ने शब्द बाइबलका अन्य पुस्तकहरूमा भन्दा लेवीको पुस्तकमा धेरै पाइन्छ (७४ पटक) । अध्याय ९ मा परमेश्वरले आफ्नो निर्देशन अनुसार गरिएको बलिदान स्वीकार गर्नुहुन्छ "परमेश्वरको सामुबाट आगो निस्कियो, अनि वेदीमाथि भएका होमबलि र बोसो भस्म पारिदियो; सबै मानिसहरू यो देखेर हर्षले चिच्याए र भुइँमा आफ्ना मुखहरू टेकाएर घोप्टो परे"(लेवी ९:२४) । अध्याय १० मा नदाब र अबिहुको अनाज्ञाकारिताको आगोको विषयमा, "अनि परमप्रभुको सामुबाट आगो निस्कियो, र उनीहरूलाई भस्म पार्यो; अनि उनीहरू परमप्रभुको सामु मरे "(लेवी १०:२) । यस घटनाको विषयमा मोशाले हारूनलाई दिएको स्पष्टिकरण, "मेरो नजिक आउनेहरूमा म आफ्नो पवित्रता देखाउने छु, र सबै मानिसहरूको सामु म महिमित हुनेछु' (लेवी १०:३) लेवीको पुस्तकले परमेश्वर जीवित र सर्वव्यापी हुनुहुन्छ भन्ने कुरा प्रस्तुत गर्दछ जसले मिश्रमा इस्राएलीहरूको मामिलामा हस्तक्षेप गरेर, उनीहरूलाई दासत्वबाट छुटाएर उहाँको आरधना गर्ने स्वतन्त्र जाति बनाउनुभयो । लेवी ११:४५ ले भन्छ, " किनकि म नै परमप्रभु हुँ; मैले तिमीहरूलाई तिमीहरूको परमेश्वर हुनका निम्ति मिश्र देशबाट निकालेर ल्याएँ; यसैकारण तिमीहरू पवित्र होओ; किनकि म पवित्र छु ।" अन्य कुराहरू मध्य यस कार्यले परमेश्वरको आफ्नै जनहरूलाई सुरक्षा र हेरचाह गर्ने सामर्थको प्रर्दशन गर्दछ (लेवी २६:१३) ।

**साहित्यिक विशेषताहरू :**

लेवीको पुस्तक पहिलो नजरमा भद्रगोल र कहिले नटुङ्गीने नीति नियमहरूको सूची जस्तै देखिन्छ । तथापी, नजिकबाट अवलेकन गर्दा यसमा गहिरो समिश्रण र सामाग्रीहरूको उद्देश्य स्पष्ट देखिन्छ । अधिकांश सामाग्रीहरू चाहिँ आराधनाको विधिका नियमहरूसँग सम्बन्धित छन् । कथाको रूपमा दिइएका सामाग्री कम छन् (८-१० अध्याय र २४:१०-१६) र थोरै मात्रामा देशबाट बसाईसराईको बारेमा जोडीएको छ ।

लेवीको पुस्तक विशेषगरी नियमहरू तथा प्रक्रियाहरू मिलेर मुख्यतया "कानुनी साहित्य" विधामा बनेको एक पुस्तक हो । "कानुनी साहित्य" बाट २० औं शताब्दीको अवधारणामा यसप्रकारको भाषा शैलीलाई मान्ने वा स्वीकारीय हुँदैनथ्यो । "निर्देशन, करारीय वा तोराह" शब्दावलीको सट्टामा साहित्यको शब्दको परिभाषालाई सुचित गर्नुपर्दथ्यो । यस सामग्रीले दुवै आवश्यकिय कानुन (अत्यावश्यक कार्यविधिहरू व्यक्त गर्ने नियम) "तिमीले गर्नु (नगर्नु)..." र

प्राय मुद्दा मामिलाका कानून: "यदि यो भएमो..... त्यसपछि यो परिणाम हुनेछ....." यो तब मात्र प्राकृतिक हुन्छ जब विशुद्ध ऐतिहासिक तत्वहरू धर्मविधि र कानुनी विचारहरूको अधिनतामा हुन्छ । तैपनि, ऐतिहासिक कथनहरू थोरै मात्रामा भएतापनि, (लेवी ८-१०;२४:१०-२३) ती व्यवस्थाका भागहरू र बलिदानको प्रक्रियाहरूको सम्बन्धमा यसप्रकारले एकआपसमा गाँसिएका छन् कि लेवी चाहिँ ऐतिहासिक रूपमा प्रस्थान र गन्तीसँग सम्बन्धित छ भन्ने कुरा प्रष्ट हुन्छ, किनकी यी दुई ऐतिहासिक खण्डहरू बीच धर्मविधिहरूका सामाग्रीहरूको समावेश भएका छन्, यी प्रत्येकको सन्दर्भलाई बुझ्नको निम्ति निकै नै ध्यान दिनुपर्छ। विशुद्ध शैलीमा मात्र लेवी चाहिँ प्रस्थान २०-४० सँग सम्बन्धित छ, र उक्त सम्बन्ध हिब्रूको शुरूको शब्द (arqyw) [अनि उहाँले बोलाउनुभयो] भन्ने अर्थमा प्रस्तुत गरिएको छ; सबैभन्दा पहिलो संयोजक "waw consecutive"ले प्रत्यक्ष सम्बन्ध पहिले नै भएको सम्बन्धलाई संकेत गर्दछ, जुन चाहिँ प्रस्थान ४०:३८ हो । लेवी १६, लेवी ८-१० ऐतिहासिक खण्डसँग सम्बन्धित रहेको पहिलो पदद्वारा देख्न सकिन्छ, जसले भन्दछ, "अनि परमप्रभुको सामु धुप चढाउँदा मरेका हारूनका दुई छोराहरूको मृत्युपछि परमप्रभुले मोशासँग कुरा गर्नुभयो" (१६:१) । नादाब र अबिहुको तुलनामा, हारूनलाई कसरी र कहिले महापवित्रस्थानमा आउने भन्ने कुराको उचित निर्देशन दिइने छ जहाँ कृपा-आसनमाथि परमेश्वर बादलमा देखा पर्नुहुन्थ्यो (लेवी १६:२) ।

**उद्देश्य :**

लेवीले कसरी विश्वासयोग्य सदस्य, करारको राष्ट्र (इस्राएल) पापी हुदाहुदैँ पनि परमेश्वरको उपस्थितिमा रहने र उहाँको आशिषहरूको उपभोग गर्ने भन्ने विषयमा निर्देशन दिदँछ । परमेश्वरको इच्छा इस्राएलीहरू प्रति यो हो कि उनीहरू उहाँसँग करारको सम्बन्धमा रहिरहुन् । तथापी, सुनको बाछोको घटना प्रस्थान ३२-३३ ले दर्शाए अनुसार, यो सङ्गति लगभग करारमा प्रवेश गरे लगतै तोडिएको थियो । प्रस्थानको पुस्तकले भेट हुने पाल र परमेश्वरको उपस्थितिलाई संकेत गर्ने यसका कार्यहरूको बारेमा व्याख्या गर्दछ भने लेवीको पुस्तकले चाहिँ कसरी एउटा करार तोडेको व्यक्ति पुन: परमेश्वरसँगको सङ्गतिमा फर्केर आउने भन्ने विषयको घोषणा गर्दछ । यसले उनीहरूको परमेश्वरसँगको सङ्गति पहिलेकै अवस्थामा रहिरहन आवश्यक पर्ने कुराहरूको पनि निर्देशन दिदँछ । यद्यपि, यसले निश्चित क्षेत्र (पवित्रता)मा परमेश्वरमा के ग्रहणयोग्य छ र के ग्रहणयोग्य छैन भन्ने कुरा सिकाउदँछ, एक पापपूर्ण मानिसले परमेश्वरले दिनुभएको एउटा नियम तोडे पश्चात् कसरी क्षमा पाउने र पुर्नस्थापन गर्ने भन्ने विषयमा प्रशस्त मात्रामा विषयवस्तुहरू उल्लेख गरेको पाइन्छ ।

लेवीमा व्याख्या गरिएका बलिदानहरू करारको निरन्तरता र उद्धार गरिएका मानिसहरूको नवीकरण गर्ने उद्देश्यमा सिमित छ । उद्धार गरिएका जातिको सदस्य हुनको लागि परमप्रभुमा व्यक्तिगत विश्वास हुनु आवश्यक रहेको कुरा निस्तार चाडको अवलोकनमा प्रस्तुत गरियो[११] । यो याद गर्नु आवश्यक छ कि इस्राएलीहरूले परमेश्वरसँग दुई प्रकारका सम्बन्धहरू राख्न सक्थे :

[११] पिताको लागि, उसको छोराको (र परिवारका बाँकीहरूका) खतना गर्ने कार्य चाहिँ करारको सम्बन्धलाई पुन:पुष्टि गर्ने अर्को एउटा समय हो । बालकको लागि, निस्तार उसको विश्वास व्यक्त गर्ने सम्भवत: पहिलो मौका थियो ।

परमेश्वरद्वारा चुनिएको राष्ट्रको रूपमा (थियोक्र्याटिक नेसन) परमेश्वरसँगको सामुहिक सम्बन्ध (प्रस्थान १९-२०) र प्रत्येक नयाँ भएको र विश्वासद्वारा निर्दोष ठहराईएको, परमेश्वरमा आधारित एउटा व्यक्तिगत सम्बन्ध । तथापी यी दुई सम्बन्धहरूलाई समानरूपमा आदर्शपूर्वक राखिएको भएतापनि, वास्तविक विश्वासविनाको परम्परागत विधिको आधारमा मात्र यिनीहरूलाई छुट्टयाउनु सम्भव थियो । यसप्रकारको विधिले औपचारिक शुद्धताको र सभ्य हुन आवश्यक कुराहरूको पुर्नस्थापना गरेको हुनसक्छ, तर परमेश्वरलाई प्रसन्न पार्न भने प्रभावकारी थिएन ।

**परिभाषित व्याख्यात्मक रूपरेखा :**

अ. उहाँका मानिसहरूलाई दिइएका पाँच आधारभूत बलिदानहरूले परमेश्वरका करारका मानिसहरूलाई पुर्नस्थापना गर्ने सीमित तरिकाहरूको प्रतिबिम्ब गरेको छ । (लेवी १-७)

क. पाँच आधारभूत बलिदानहरू; तिनीहरूका सामग्री, उद्देश्य र चढाउने तरिका (१:१-६:७) ।

१. होम बलि (१:१-१७)

-उद्देश्यले आराधनाको स्वैच्छिक कार्यलाई समावेश गरेको देखिन्छ; साधारणतया विनानियत गरिएको पापको प्रायश्चित; भक्ति व्यक्त गरिएको; प्रतिबद्धता र परमेश्वर प्रति पूर्ण समर्पणता...( लेवी ६:८-१३; ८:१८-२१; १६:२४)

२. अन्न बलि (२:१:१६)

-यसले होम बलिलाई साथ दिएको देखिन्छ (गन्ती २८:३-६); पाप बलि (गन्ती ६:१४-१५), र मेल बलि (लेवी ९:४; गन्ती ६:१०)

-उद्देश्यले स्वैच्छिक आराधनाको कार्यलाई समावेश गरेको देखिन्छ; परमेश्वरप्रति भक्ति.............(लेवी ६:१४-२३)

३. मेल बलि (३:१-१७)

-उद्देश्यले स्वैच्छिक आराधनाको कार्यलाई समेटेको देखिन्छ; धन्यवाद प्रदान र सङ्गति (यसले सामुहिक/साम्प्रदायिक भोजनलाई पनि समावेश गरेको छ) (लेवी ७:११-३४)

४. पाप बलि (४:१-५:१३)

-उद्देश्यले अन्जानमा गरिएको कुनै विशेष पापको अनिवार्य पश्चातापलाई समावेश गरेको देखिन्छ; पापको क्षमादान; अशुद्धिकरण बाट शुद्धिकरण (लेवी ६:२४-३०; ८:१४-१७; १६:३-२२)

५. दोष बलि (५:१४-६:७)

-उद्देश्यले अन्जानमा गरिएको कुनै विशेष पापको अनिवार्य पश्चाताप सहित चुकाउनु पर्ने मूल्यको आवश्यकतालाई समावेश गरेको देखिन्छ; पापको क्षमादान; क्षतिपूर्ण चुकाउनुपर्ने; २० प्रतिशत जरिवाना तिर्नुपर्ने (लेवी ७:१-६)

त्यहाँ पश्चातापको बलिदानहरू (पाप बलिहरू र दोष बलिहरू), पवित्रकरण (होम बलिहरू र अन्न बलिहरू) र साम्प्रदायिक बलिहरू (मेल बलिहरू-यसले स्वैच्छिक बलिहरू; धन्यवादका बलिहरू र भाकलहरू) जस्ता बलिदानहरूको व्याख्या गरिएको देखिन्छ ।

ख. पाँच आधारभूत बलिदानहरूको सम्बन्धमा विशेष गरी पुजाहारीहरूको लागि थप नियमहरू..........(६:८-७:३८)

यस खण्डको प्राथमिक चासो चाहिँ, कुन व्यक्तिहरू सहभागी हुने र कुन भागहरू परमेश्वरको निम्ति बलिदानको रूपमा ग्रहणयोग्य हुन्छ भन्ने कुराको पहिचान गर्नु हो ।

१. होम बलि (६:८-१३)
२. अन्न बलि (६:२४-३०)
३. पाप बलि (४:१-५:१३)
४. दोष बलि (७:१-१०)
५. मेल बलि (७:११-२१)
६. रगत र बोसो खानु मनाही (७:२२-२७)
७. मेल बलिबाट पुजाहारीको भाग (७:२८-३६)
८. बलिदानहरूको सम्बन्धमा संक्षिप्त विवरण ["समर्पण बलि समावेश"] (७:३७-३८)

आ. परमेश्वरसँगको सङ्गतिको निम्ति पुजाहारीपनद्वारा राष्ट्रको पूर्णस्थापनाको ऐतिहासिक प्रस्तुती, पछि गएर आराधनाको नियमहरूको उल्लङ्घन गरे बापत फलस्वरूप सहभागी भएका व्यक्तिहरूमा मृत्यु आएको (लेवी ८-१०) ।

क. परमेश्वरको करारका मानिसहरूको (हारून र उसका छोराहरू) तर्फबाट परमेश्वरद्वारा स्वीकृत पुजाहारीपनको सेवाकाईको शुरूवात (लेवी ८-९)

ख. नादाब र अबिहूद्वारा आराधनाको नियमहरूको उल्लङ्घन (परमेश्वरलाई पवित्र नमानेका) र परिणामस्वरूप उनीहरूको मृत्यु [राष्ट्रको अनुशासनमा नभएको] (लेवी १०)

इ. दैनिक जीवनमा करारमा भएका मानिसहरूले उनीहरूको परमेश्वरसँगको सङ्गतिलाई (परमेश्वरको लागि छुट्याइएको–औपचारिक शुद्धता) यी माध्यमहरूद्वारा चिन्हको रूपमा दर्शाउन सक्दथे । (लेवी ११-१५)

क. खानेकुराको सम्बन्धमा व्यवहारिक अशुद्धता (लेवी ११)

ख. शिशु जन्मको सम्बन्धमा व्यवहारिक अशुद्धता (लेवी १२)

ग. रोग वा दुसी रोग (छालामा लाग्ने रोग) को सम्बन्धमा व्यवहारिक अशुद्धता (लेवी १३-१४)

घ. शरीरबाट फोहोर बग्ने सम्बन्धी व्यवहारिक अशुद्धता (लेवी १५)

**ई. देशको पापको निम्ति व्यापक प्रायश्चितको लागि उचित प्रकारले वार्षिक रूपमा परमेश्वरको अघि जानुपर्थ्यो (लेवी १६)**[१२]

यस विशेष प्रकारको प्रायश्चितको विधिद्वारा, मानिसहरूले विगतको वर्षमा गरेका सबै पाप प्रति परमेश्वरको क्रोधलाई हटाउने कार्य गर्दथे । यहाँ यस विधिद्वारा गरिने प्रायश्चितको बलिले पाप वा त्यसको हदहरूलाई बहिष्कार गरेको जस्तो देखिँदैन । तथापी, यो बुझ्नु पर्दछ कि अन्य बलिदानमा जस्तै प्रायश्चितको यस राष्ट्रिय दिनको प्रभावकारिता एक व्यक्तिको लागि सिमित हुनेछ जसले दृढ विश्वासको एक उचित हृदयको चरित्र देखाउँदछ ।

उ. यी कुराहरूद्वारा परमेश्वरका करारका मानिसहरूले परमेश्वरसँगको उनीहरूको सङ्गतिलाई.....(परमेश्वरसँगको अलगपनता-नैतिक शुद्धता) खराब आचरण, ईमानदारीता, चोरी, मूर्तिपूजा आदि सहितका क्षेत्रहरूमा बिथोल्न सक्छन् (लेवी १८-२०) ।

पूजाहारीहरूका लागि नितिनियमहरू, भेटीहरू र बार्षिक चाडहरू चाहिँ पूजाहारीपनको शुद्धता र परमेश्वरसँगको सङ्गतिलाई बृद्धि गर्नको लागि हो । (२१:१-२४:९)

**उ. पवित्र परमेश्वरसँग सङ्गतिको लागि रगत र भेट हुने पालको महत्व (लेवी १७)**

यो अध्याय, १-७ अध्यायको परिपूरकको रूपमा देखिन्छ जसले रगत र बलिदानको महत्वको बारेमा व्याख्या गर्दछ (१७:११) र अन्य सम्बन्धित विषयहरूको पनि कुरा गर्दछ जसको बारेमा पहिले नै छलफल गरिएको छ । यहाँ यो कुरा समावेश गरिएको हुन सक्छ किनभने, यद्यपि यो पुजाहारीहरूसँग सम्बन्धित छ (१७:२), यसले साधारण मानिसहरूबाट हुन सक्ने गल्तीहरूलाई समावेश गरेको छ ।

**ऊ. निन्दा, हत्या इत्यादीको लागि दण्ड (२४:१०-२३)**

यस खण्डले छोटो ऐतिहासिक कथालाई समेटेको छ (२४:१०-१२) जसको सन्दर्भमा यी नियमहरू दिइएका हुन् । यसले, लेवीका व्यवस्थाहरू परमेश्वरका मानिसहरूको लागि एक विशेष ऐतिहासिक अवस्थाको निम्ति मेल खाओस् भनेर दिइएको भन्ने कुराको याद दिलाउने काम गर्दछ ।

**ए. शबाथको वर्ष, पुर्नस्थापनाको वर्ष, भूमि अधिकरणको नियम, र दासत्वका नियमको सुधार.......(२५ अध्याय)**

**ऐ. करारको आज्ञाकारिता र अनाज्ञाकारिताको निम्ति आशिष र श्रापहरू (२६ अध्याय)**

**ओ. परमेश्वरलाई चढाइने भेटी (भाकल) सम्बन्धि नियमहरू (२७ अध्याय)**

[१२] वेनहामको भनाई अनुसार, "प्रायश्चितको दिनको प्रमूख उद्देश्य भनेको अशुद्ध आराधकहरूले पवित्रस्थानमा गरेका अपवित्र, प्रदुषित कुराहरूबाट शुद्ध गर्ने (१६:१६,१९).... ताकि परमेश्वरको उपस्थिति उहाँका मानिसहरूको माझमा निरन्तर भई रहनको लागि सम्भव होस् ।" (वेनहाम, लेवी २२:८) । तथापी जिउँदो थुमाले मानिसहरूको पापलाई बोकेर टाढा लैजाने विधिलाई पनि महत्व दिइएको कुरालाई पनि याद गर्नुहोस् (२२ पद) जसले "इस्राएलीहरूको सबै दुष्टता र विद्रोहलाई सबै पापहरू" भन्ने कुराहरूको पहिचान गराउँदथ्यो ताकि उनीहरू "सबै पापहरूबाट (उनीहरूको) शुद्ध होउन्"(३० पद) ।